Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

**महिला हिंसा विरुद्धको १६ दिने अर्न्तराष्ट्रिय अभियान २०१५**

**अन्वेषी लोकार्पण**

**प्रेस विज्ञप्ती**

***"घर शान्ति नै विश्व शान्तिको आधार : सबैका  लागि सुरक्षित शिक्षा''***

मिति : २०७२ मंसीर ९ गते, २५ नोभेम्बर,२०१५

महिला हिंसा विरुद्ध **अर्न्तराष्ट्रिय दिवसको सन्दर्भ पारेर महिला पुनर्स्थापना केन्द्र ओरेकले आज अन्वेषी सार्वजनिक गरेको छ । राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष श्री अनुपराज शर्मा र राष्ट्रिय महिला आयोगका कार्यवाहक अध्यक्ष श्री मनु हुमागाईंले एक समारोहका बीच अन्वेषी संयुक्त रुपमा विमोचन गर्नुभएको हो ।**

वर्तमान अवस्थामा भइरहेका महिला हिंसाका वस्तुस्थितिको यथार्थता चित्रण गर्नाका लागि महिला पुर्नस्थापना केन्द्र (ओरेक) ले प्रत्येक बर्ष महिला हिंसा विरुद्धको बर्ष पुस्तक "अन्वेषी" प्रकाशन गर्दै आइरहेको छ । अन्वेषी वर्षभरि घटेका महिला हिंसाका संकलित घटना तथ्याकंलाई विश्लेषणात्मक अध्ययन प्रतिवेदन हो ।  सन् २००८ देखि निरन्तर वार्षिक रुपमा अन्वेषी प्रकाशन हुदै आएको छ । यस बर्ष महिला हिंसा विरुद्धका जम्मा १९३० वटा घटनाहरु विश्लेषण गरिएको छ । जसमध्ये महिला मथि हुने हिसाका स्वरुप हेर्दा विश्लेष गरिएका घटना मध्ये सबैभन्दा बढि महिलाहरु घरेलु हिंसाबाट ६९.६ प्रतिशत प्रभावित भएका छन् ।

कार्यक्रममा मन्तव्य दिंदै **राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष श्री अनुपराज शर्मा**ले महिलाको सशक्तिकरण घरबाट नै शुरुवात गर्दै महिलाका सवालमा महिला पुरुष दुवै मिलेर अगाडी बढ्नु जरुरी भएको कुरामा जोड दिनुभएको थियो । मन्तव्यको क्रममा **राष्ट्रिय महिला आयोगका कार्यवाहक अध्यक्ष श्री मनु हुमागाईंले** महिला हिंसाका अन्त्यका लागि परम्परागत रितिरिवाज छोड्दै अगाडी बढी हरेक जिम्मेवार पक्षबाट महिला हिंसा न्यूनिकरण गर्न अग्रसर भूमिका निभाउनु पर्दछ भन्ने मन्तव्य राख्नुभयो । कार्यक्रममा ओरेकका कोषाध्यक्ष जया लुईंटेलले महिलामाथि हुने हिंसालाई घरभित्रका सवाल भनी पन्छाउने प्रवृत्तिका विरुद्ध ओरेकले स्थापनाकालदेखि नै वकालत गरिआएको र यसलाई महिलाको मानवअधिकार हननको मुद्दा र सामाजिक मुद्दाको रुपमा गर्नका लागि काम गरिरहेको बताउनुभयो ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org

महिला हिंसा अन्त्यका लागि विभिन्न दवाव तथा चेतनामूलक कार्यक्रमहरू सहित विश्वभर नै हरेक वर्ष २५ नोभेम्बरका दिन महिला हिंसा विरुद्धको अर्न्तराष्ट्रिय  दिवस मनाइन्छ । डोमिनिकन गणतन्त्रका मिरावेल परिवारका तीन दिदीबहिनीहरू पेट्रिया, मिनर्भा र मारियाको तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६० मा गरेको निर्मम हत्यासँग यो दिवसको सन्दर्भ जोडिएको छ । **यस घटनालाई लिङ्गको आधारमा हुने राजनीतिक हिंसाको प्रतिरूप मानिन्छ** । यसै अनुरूप ती तीन दिदीबहिनी पेट्रिया, मिनर्भा र मारियाको हत्यालाई महिला विरुद्धको हिंसाको रूपमा लिई महिलावादीहरूद्वारा उनीहरूको सम्झनामा विभिन्न कार्यक्रम आयोजना गर्दै २५ नोभेम्बर देखि १० डिसेम्बर सम्म मनाउने परम्पराको सुरुवात गरी यसलाई निरन्तरता दिइएको हो । यसलाई पछि संयुक्त राष्ट्रसंघद्वारा आत्मसात् गरी संसारभर नै यो दिवसलाई महिला हिंसा विरुद्धको अन्तर्राष्ट्रिय दिवसको रूपमा गरी मनाउन लागेको २४ वर्ष पुगिसकेको छ ।

प्रत्येक वर्ष झैं यस वर्ष पनि महिला पुर्नस्थापना केन्द्र (ओरेक) नेपालले राष्ट्रिय महिला आयोग, मानव अधिकारकर्मी, सरकारी तथा गैरसरकारी संस्था, नागरिक समाज तथा महिला मानव अधिकार रक्षकहरुको  राष्ट्रिय तथा जिल्ला सञ्जालहरु संगको समन्वयमा  १६ दिने अभियानको अवधि भर विशेषतः महिला हिंसा विरुद्धको अभियानमा जोड दिंदै समुदायस्तर महिला हिंसा अन्यका लागि सरकारी निर्णयमा साथ दिदै देशको वस्तुगत परिस्थिती अनुरुप समुदाय स्तर देखि राष्ट्रिय स्तर सम्म विभिन्न कार्यक्रमहरू आयोजना गर्दैछ । *"घर शान्ति नै विश्व शान्तिको आधार : सुरक्षित शिक्षाका लागि महिलामूखी पुर्ननिमाण भन्ने* नारा सहित नेपाल भरिनै ओरेक नेपालले यो दिवस मनाउने निर्णय गरेको छ ।

**अन्वेषीको उदेश्य :**

- महिला हिंसाको स्थितिको पहिचान गर्न ।
- हिंसाका बहुपक्षिय विश्लेषण गर्न ।
- उचित कानुन, निति नियम र योजना निर्माण गर्न ।
- प्रभावितको न्यायमा पहुँच तथा पूर्ण न्यायको सुनिश्चितका लागि  अपिल गर्न ।
- प्रभावित महिलाहरुको आवश्यकता पहिचान गरी आवश्यक सहयोगी संयन्त्रको स्थापनाको लागि पैरवी गर्न ।

**महिला विरुद्धको हिंसा र यसलाई असर पार्ने बहूपक्षिय तत्वहरु**

- महिला विरुद्ध हिंसा र भैगोलिक विभाजन ( तराईमा ८२.३%, पाहाडि क्षेत्रमा १७.५%,हिमाली क्षेत्रमा ०.२% )

- महिला विरुद्ध हिंसा र उमेर समुह ( सबै भन्दा  बढि प्रभावित - १६ देखि २५ वर्ष ,सबैभन्दा कम प्रभावित  -६५ वर्षभन्दा माथी )
- महिला विरुद्ध हिंसा र शिक्षा ( प्रभावित महिला मध्ये बढिमात्रामा ८१% साक्षर थिए )
- महिला विरुद्धको हिंसा र बैवाहिक स्थिति (प्रभावित महिला मध्ये बढिमात्रामा ८२.६%  विवाहित थिए )
- महिला हिंसा र पेशागत अवस्थाः ( प्रभावित महिला मध्ये बढिमात्रामा ३८% महिला कृषि पेशामा आवद्ध थिए । )
- महिलाहिंसाका प्रभावित र पीडकको सम्बन्धः ( प्रभावित महिला मध्ये सबैभन्दा बढि  ५४.९७ %पीडकका रुपमा श्रीमान नै रहेको पाइयो ।




नमिता नेपाल

वरिष्ठ कार्यक्रम संयोजक

फोन नं : ९८४१६९८१११